फोनः ०५६-४१०१२२/४१०१११
इमेलः info@ichchhakamanamun.gov.com
वेबसाइटः ichchhakamanamun.gov.np

इच्छाकामना गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कुरिनटार, चितवन

बागमती प्रदेश, नेपाल

प.सं. २०८०/८१
च.नं.

मितिः २०८१/०१/१६

## बाँझो जमिन प्रयोगमा सहयोग तथा साना सिंचाइ कार्यक्रम सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०८१/०१/१६

प्रस्तुत विषयमा इच्छाकामना गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको चालु आ.व. २०८०/०८१ को कार्यक्रम अन्तर्गत **बाँझो जमिन प्रयोगमा सहयोग तथा साना सिंचाइ कार्यक्रम**बाट पचास प्रतिशत (५०%) अनुदानमा **बाँझो जमिनमा खेती तथा साना सिंचाइका उपकरण उपलब्ध** हुने हुँदा इच्छुक व्यवसायीक खेती गरीरहनु भएका कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारीहरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र (मिति २०८१/०१/२२ गते भित्र) सम्बन्धित वडा कार्यालय वा कृषि विकास शाखामा निवेदन दिनुहुन अनुरोध छ। साथै म्याद नाघि आएको निवेदनलाई कार्यक्रममा समावेश गर्न कार्यालय बाध्य हुने छैन।

तपशिल

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रमको विवरण | कुल बजेट(रू) | लक्षित वर्ग | अनुदान प्रतिशत |
|---|---|---|---|---|---|
| १ | बाँझो जमिन प्रयोगमा सहयोग | कृषिजन्य उपकरण | ५,००,०००/- | कृषक/ कृषि फार्म/ कृषक समूह/ कृषि सहकारी | ५०% |
| २ | साना सिंचाइ कार्यक्रम | साना सिंचाइ निर्माण र उपकरण वितरण | | | |

संलग्न गर्नुपर्ने कागजातहरु

१. निवेदन,
२. लालपूर्जाको प्रतिलिपी
३. व्यवसायीक कृषि फर्म भएमा आधिकारिक दर्ता प्रमाण पत्रको प्रतिलिपी
४. वडा कार्यालयको सिफारिस पत्र
५. समूहको हकमा – समूह दर्ता, बैठकको निर्णयको माइनुट
४. सहकारीको हकमा - संस्था दर्ता, स्थायी लेखा नम्बर र गत आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि

..................
(चन्द्रकान्त बस्नेत)
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री सूचना प्राविधि शाखा (१-७ वडामा सुचना पठाउन सहयोग गर्न)

**नोटः थप जानकारीका लागि इच्छाकामना गाउँपाललिका कृषि शाखामा सम्पर्क गर्नुहोला।**